## १. चौथो नगरसभामा प्रस्तुत आर्थिक बर्ष ०७६/७७ को बार्षिक नीति,कार्यक्रम तथा बजेट बक्तव्य

**यस चौथो नगरसभाका सभाध्यक्ष तथा नगरप्रमुखज्यू ,**
**नगर कार्यपालिकाका सदस्यज्यूहरू नगरसभा सदस्यज्यूहरू**,

लगायत सबैमा म व्यक्तिगत र नगर कार्यपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु । साथै देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात ,अज्ञात शहीदहरू प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ,प्रदेश र स्थानीय तह हुने गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग तिनै तहले संविधान र कानुन बमोजिम हुने व्यवस्था गरेको छ । सङ्घ, प्रदेश तथा स्थानीय तहले वित्तीय सङ्घीयता अनुरुप आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन निर्माण गर्ने, निर्णय गर्ने, नीति तथा योजना बनाउने, वार्षिक बजेट तथा कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने व्यवस्था गरेको छ ।

नेपाल सरकारको २०७३ फागुन २७ को निर्णयानुसार पाख्रीबास नगरपालिका र साविक चुङवाङ गा.वि.स. समावेश गरी पाख्रीबास नगरपालिका घोषणा भई विकासपथमा लम्किरहेको यस पाख्रीबास नगरपालिकाका विविध समस्या, चुनौति र अवसरहरू छन भन्ने कुरा हामीमा विदितै छ । यसका वावजुद पनि यस नगरपालिका क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ निर्वाचित सभा प्रतिबद्धताका साथ लागि पर्ने विश्वास लिदै लामो समयको अन्तराल पछि भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरू जनताका आकाँक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ यस चौथो नगरसभामा आ.व. ०७६/०७७ का लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट समेत यस सम्मानित सभा मार्फत समग्र नगरपालिकाका नागरिकहरू समक्ष राख्न पाउँदा म आफु र यस नगर सभालाई गौरवान्वित ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण नगरबासीहरू, निर्वाचित पदाधिकारीहरू, राजनैतिक दलका पदाधिकारीहरू, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरू, नागरिक समाजका अभियन्ताहरू, शिक्षक, पत्रकार, साहित्यकार बुद्धिजिवी र समाजसेवीहरू प्रति आभार व्यक्त गर्दछु ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरू**,

हाम्रा चाहना र आवश्यकताहरू असिमित तर स्रोत र साधनहरू सिमित छन । उपलव्ध सिमित स्रोत र साधनबाट समग्र नगरको सम्पूर्ण नागरिकहरूको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चुनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकताका साथ परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता हो । यस तर्फ सम्पूर्ण सदस्यज्यूहरूको सहयोग र सहकार्यको आशा लिएको छु ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरू**,

अब म यस नगरपालिकाको नीति तथा कार्यक्रम, बजेट तथा योजना तर्जुमाको लागि अबलम्बन गरिएका पद्धति तथा लिइएका आधारहरूको बारेमा व्याख्या गर्न चाहन्छु । जसमा,

१. नेपालको संविधान, २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरू र स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने भनि संविधानले परिभाषित गरेका अधिकारका क्षेत्रहरू।

२. स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपाल सरकारबाट समय समयमा जारी भएका आदेश तथा निर्देशनहरू।

३. दिगो विकासका लक्ष्य तथा पन्ध्रौ राष्ट्रिय योजनाको आधार पत्र तथा सङ्घीय बजेटले निर्धारण गरेका प्रमुख क्षेत्रहरू।

४. वडा स्तरीय योजना तर्जुमा भेला तथा वडा समितिको सिफारिस, विषयगत समिति र योजना तर्जूमा तथा कार्यक्रम समितिबाट सिफारिस भइ आएका योजनाहरू।

५. राजश्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका निर्णयहरू।

६. बजेट तथा कार्यक्रम तर्जूमा समितिका निर्णयहरू।

७. विकासका समसामयिक मुद्दाहरू जस्तै सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक शसक्तीकरण तथा समावेशी विकास, वालमैत्री र वातावरण मैत्री स्थानीय शासन, आधारभूत स्वास्थ्य, पूर्ण साक्षरता, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट, पूर्वाधार विकास लगायतका अन्तर सम्बन्धीत विषयहरूलाई लिइएको छ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरू,**

श्रोत साधनको सिमित उपलव्धताका कारण योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतापूर्वक क्रमशः कार्यान्वयन गर्दै लग्नुपर्ने वाध्यता भएकोले सो को लागि सालबसाली रुपमा आयोजनालाई विभाजन गरी प्राथमिकताका क्षेत्रहरूको पहिचान गर्नुपर्ने आजको आवश्यकता हो। सोही सिद्धान्त अनुरुप हामीले योजना तथा कार्यक्रमहरू छनौट गर्दा देहायका आधारहरू तय गरी सोही अनुरुप योजना तथा कार्यक्रम छनौट गरेका छौ।

**आधारहरू:**

१. आर्थिक विकासका नयाँ ढोका खोल्न सक्ने सम्भावित क्षेत्रहरू, जस्तैः कृषि, सडक, पर्यटन प्रबर्धन,पर्यटकीय मार्ग र खानेपानी आदि।

२. पिछडिएका क्षेत्र, वर्ग र समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने र नयाँ रोजगारीको श्रृजना हुन सक्ने योजना तथा कार्यक्रमहरू।

३. स्वास्थ्य र शिक्षाको उपलब्धता तथा गुणस्तरीयतामा अभिबृद्धि हुने कार्यक्रमहरू।

४. महिला तथा बालबालिकालाई प्रत्यक्ष फाइदा हुने कार्यक्रमहरू।

५. वातावरण संरक्षण तथा प्रवर्धन हुने कार्यक्रमहरू।

६. विपदबाट कम क्षति पुग्ने र विपदको समयमा उद्दार गर्न सघाउ पुग्ने योजना तथा कार्यक्रमहरू।

७. विपन्न, दलित, पिछडा वर्ग, जनजाति, सिमान्तकृत समुदायको रोजगारी तथा प्रतिनिधित्वलाई टेवा पुर्याउने योजना तथा कार्यक्रमहरू।

८. अधुरा र क्रमागत योजनाहरूलाई पुरा गर्ने बजेट तथा कार्यक्रमहरू ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा सदस्यज्यूहरू**,

यस नगरपालिकाको आ.व. २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न गइरहेको छु। नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु पूर्व यस नगरपालिकाको दीर्घकालीन सोंच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objectives) र अपेक्षित उपलब्धिको बारेमा संक्षिप्त प्रस्तुति गर्दछु।

## दीर्घकालीन सोच (Vision):

पाख्रीबासको दृष्टि, पर्यटन र कृषि भन्ने मुल नारालाई स्थापित गर्न कृषि, पर्यटन र पूर्वाधारको विकास गरी सुन्दर र समृद्ध नगरपालिका निर्माण गर्ने दिर्घकालीन सोच रहेको छ।

## लक्ष्य (Goal):

आगामी ५ वर्ष भित्र अर्गानिक कृषि, पर्यटन र पुर्वाधारको विकासद्धारा समृद्ध नगर र सुखी नगरबासीको विकास गर्ने।

## उद्देश्य (Objectives):

- कृषि व्यवसाय, पर्यटन, साना उद्योग तथा व्यापारलाई सहयोग पुग्ने गरी सडकहरू निर्माण गर्ने।
- अर्गानिक कृषि उत्पादन तथा पशुपालनमा जोड दिई स्वरोजगारीका अवसर सिर्जना गर्ने।
- विभिन्न पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकको गन्तव्य क्षेत्र बनाउने।
- सबै वडाका प्रमुख बजार क्षेत्रसम्म अल वेदर रोडको पहुँच पुऱ्याउने।
- नगरपालिकामा रहेका स्वास्थ्य केन्द्रहरूलाई स्तरोन्नति गरी सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्ने।
- नगर भित्र सञ्चालित विद्यालयहरूमा गुणस्तरीय शिक्षाको प्रत्याभुती गर्ने।
- सवैलाई स्वच्छ पिउने पानी पुऱ्याउने अबधारणा अनुरुप सबै स्थानमा खानेपानी उपलब्ध गराउने।
- पूर्ण सरसफाईयुक्त नगर निर्माण गर्ने।
- बालमैत्री र वातावरणमैत्री नगर निर्माण गर्ने।
- बालश्रम, वालविवाह, छुवाछुत तथा कुसंस्कार मुक्त नगर घोषण गर्ने।
- सुशासन कायम गर्ने।

## अपेक्षित उपलब्धि:

- अर्गानिक उत्पादनमा वृद्धि हुनेछ।
- सामाजिक सेवा र सुरक्षाको प्रत्याभुति हुनेछ।
- कृषि मार्फत स्वरोजगारी र समृद्धिका अवसर सिर्जना हुनेछ।
- पर्यटन उद्योगको विकास हुनेछ।
- स्वच्छ र सफा शहर निर्माण हुनेछ।

- गुणस्तरीय शिक्षा प्रदान हुनेछ।
- स्वच्छ खानेपानीको पहुँच सबैमा हुनेछ।
- सुशासन कायम हुनेछ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरू,**
अब म यस नगरपालिकाले आगामी दिनमा विभिन्न विषयगत क्षेत्रको विकासमा अबलम्बन गर्ने नीतिका बारेमा प्रस्तुत गर्दछु।

**क) पूर्वाधार एवम् शहरी विकास सम्बन्धी नीतिः**

१. **पाख्रीबासको दृष्टि पर्यटन र कृषि** भन्ने मूल नारालाई स्थापित गराउनका लागि नगरको **एकीकृत नगर विकास गुरुयोजना(IUDP)** तयार गरिने छ र सो को आधारमा विस्तृत परियोजना प्रतिवेदन बनाइ विकासका कार्यहरू आगामी आर्थिक वर्षमा प्रारम्भ गरिनेछ।

२. पूर्वाधार विकासका लागि सार्वजनिक-निजि साझेदारी कार्यक्रमलाई जोड दिइनेछ।

३. आगामी आर्थिक वर्षमा सडक पूर्वाधार सम्बन्धी प्राप्त हुन सक्ने अन्य बजेट **नगर यातायात गुरुयोजना ( MTMP)**मा भएको सडकको प्राथमिकताको आधारमा बिनियोजन गरिने छ।

४. नगरस्तरीय आयोजनाको प्रमुख लक्ष्य नगरपालिकाका मुख्य बजार क्षेत्र सम्म बाह्रै महिना यातायात सञ्चालन **(All Weather Road)** हुने गरी सडक निर्माण तर्फ केन्द्रित रहनेछ।

५. वातावरणमा पर्ने प्रभावलाई कम गर्न सडकको ट्र्याक खोल्ने कामलाई निरुत्साहित गरिने छ।

६. **"स्वच्छ पानीको मुहान, स्वस्थ जीवनको आधार"** भन्ने नारा सहित खानेपानी मुहानको संरक्षण र सम्बर्द्धन गर्न भौतिक पूर्वाधार निर्माण गर्दै सबैमा स्वच्छ खानेपानीको पहुँच पुर्याउने नीति लिइनेछ ।

७. नागरिकको सुरक्षित आवासको लागि भवन निर्माण ऐन तयार गरि भवन निर्माण इजाजत तथा प्रमाण पत्र उपलब्ध गरिनेछ।

८. नगर भित्र निर्माण हुने सार्वजनिक तथा निजि भवनहरू भूकम्प प्रतिरोधी निर्माणको लागि भवन निर्माण मापदण्ड २०७२ लाइ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

९. साना सिंचाई कार्यक्रम (SIP)सँग सहकार्य गरि कृषि उत्पादन बढाउन सिंचाई सम्बन्धी पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ।

१०. नगर मार्फत उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरूको कामको प्रकृतिको आधारमा न्यूनतम जनसहभागिता र सहलगानीको प्रतिशत निर्धारण गरी लागू गरिने छ।

११. पूर्वाधार विकासमा पारदर्शिता कायम गर्न नगरपालिका क्षेत्रमा सञ्चालन हुने आयोजना र सो आयोजना सञ्चालन गर्ने उपभोक्ता समिति/निर्माण व्यवसायीको सम्पूर्ण विवरण खुल्ने गरी आयोजनास्थल मै होडिंगबोर्ड राख्ने नीतिलाई अझ प्रभावकारी ढंगवाट कार्यान्वयन गरिने छ।

१२. खेलकुद विकास र विस्तारका लागि **"खेल खेलौं, स्वस्थ रहौं"** भन्ने नारा सहित खेल मैदान, रंगशाला तथा बाल उद्यान जस्ता संरचनाको स्थापना ,मर्मत र निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१३. **उज्यालो पाख्रीबास** अभियान चलाई सडक बत्तिको व्यवस्था गरिनेछ। साथै काठका विद्युत पोललाई क्रमशः विस्थापित गर्दै जाने नीति लिइनेछ।

## (ख)आर्थिक विकास सम्बन्धी नीति

- **उद्योग तथा पर्यटन सम्बन्धी नीति**

१. **"एक पटक हैन, पाख्रीबास घुमौँ पटक पटक"** भन्ने मूल नारालाई स्थापित गर्ने नीतिलाई कार्यान्वयनमा ल्याईने । जसका लागि नगरमा रहेका धार्मीक एवम पर्यटकिय क्षेत्रहरू राम्चे डाँडा, तिन तले ढुंगा, थाम डाँडा, डिकुरे, गजथुम्बा डाँडा, फावा झरना, अधेरी झरना, पन्चकन्या देवीथान, भुल्के सिमसार, इन्द्रेणी झरना, छयोलिंग गुम्बा, पाख्रीबास कृषि फर्म, जौटार वनभोज स्थल, तिनदोभाने सामुदायिक वन, शिवालय मन्दिर, पाथीभरा मन्दिर, जालपादेवी देवीथान लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरूको विकास, विस्तार, प्रचार प्रसार गरी आन्तरिक एवम् बाह्य पर्यटकको आकर्षण केन्द्रको रुपमा विकास गर्ने नीति अबलम्बन गरिने । जसका लागि सार्वजनिक नीजि साझेदारीको अवधारणालाई अंगिकार गरिनेछ ।

२. पर्यापर्यटन (Eco Tourism) र कृषि पर्यटन (Agro Tourism) लाई प्रबर्धन गर्दै जाने नीति लिइनुका साथै पर्यटन सूचना केन्द्रको स्थापना गरी पर्यटकलाई सूचना प्रदान गर्ने नीति अबलम्बन गरिनेछ ।

३. पर्यटकको बसाई अवधि लम्ब्याउन पर्यटकको सेवा सुविधा, सुरक्षाको प्रत्याभूति बढाउन सहजीकरण गरिनेछ ।

४. यस नगरपालिका क्षेत्र भित्रका पर्यटकीय क्षेत्रहरूको पहिचानको लागि **"पर्यटन सर्किट"** तयार गरिनेछ ।

५. पर्यटनको मेरुदण्डको रुपमा रहेको होटल व्यवसायलाई प्रवर्द्धन गर्दै चुङमाङ ,मुगा ,पाख्रीबास ,सान्ने , फलाँटे लगायतका समुदायमा होमस्टे (Homestay) सञ्चालन गर्न उत्प्रेरित गर्ने नीति लिइने छ ।

६. पर्यटकीय गन्तव्यमा थप पूर्वाधार र पर्यटकीय सेवा सुविधाको विस्तार गरिनेछ । प्रमुख पर्यटकीय गन्तव्यहरूमा फूट ट्रेल निर्माणलाई जोड दिइनेछ ।

७. नगर क्षेत्रको पर्यटन गुरुयोजना तयार गरी लगानीका लागि सम्बद्ध क्षेत्रसँग सहकार्य गरिनेछ ।

८. राम्चे भ्यू टावर तथा जौटार पर्यटन क्षेत्रमा प्राचिन कला झल्कने पार्क निर्माण गरी आन्तरिक पर्यटनलाई बढावा दिइनेछ ।

९. चिया खेती र यसको प्रशोधनलाई प्रोत्साहन गर्न बजारको पहुँच स्थानसम्म यातायात सुविधालाई सहज बनाउन सडक पूर्वाधार विकासमा जोड दिइनेछ ।

१०. ग्रामीण क्षेत्रमा लघु उद्योग प्रवर्द्धन गर्न सिप विकासका लागि तालिम, गोष्ठी सञ्चालन तथा प्रविधिको विकासमा जोड दिइनेछ ।

११. परम्परा देखि चलि आएको दलित वर्गको सिपलाई आधुनिकीकरण गरी साना /लघु उद्योग सञ्चालन गर्न सम्बन्धित वर्ग उत्साहित भै आएमा विशेष सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१२. उद्योग विकासका लागि नगरभित्र उत्पादित वस्तु तथा सेवाको अधिकतम प्रयोग गर्दै स्थानीय सार्वजनिक निकायबाट विभिन्न समारोहमा उपहार प्रदान गर्दा नगर भित्र उत्पादित वस्तु दिने नीति लिइनेछ ।

- **कृषि तथा पशुपन्छी सम्बन्धी नीति**

१. कृषि तथा पशुपंछीजन्य उत्पादनमा व्यवसायीकरण, विविधीकरण, बजारीकरण र आधुनिकीकरण गर्दै खाद्य सुरक्षाको स्थिति मजबुत बनाइ थप रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

२. कृषि क्षेत्रलाई प्रतिस्पर्धी र उत्पादनमुखी बनाउन सिंचाई, कृषि सडक, हाट बजार, थोक बजार, कृषि उपज सङ्कलन केन्द्र तथा प्रशोधन केन्द्र जस्ता पूर्वाधारको निर्माणमा जोड दिइनेछ।

३. एक वडा एक उत्पादन कार्यलाई प्रोत्साहन गरी कृषि तथा पशुपन्छीजन्य उत्पादन र वितरणमा गुणस्तरीयता कायम गर्न नियमित रुपमा अनुगमन गर्ने नीति लिइनेछ।

४. फोहोरमैला व्यस्थापनलाई प्रभावकारी कार्यान्वयन गर्न कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी कुहिने फोहोरबाट प्रांगारिक मल उत्पादन गर्ने नीति लिनुका साथै कौसी/करेसाबारी तरकारी खेती तथा विषादीरहित खेतीमा प्रोत्साहन दिइनेछ।

५. सामूहिक खेती र सहकारी खेतीलाई बढावा दिइनेछ । सार्वजनिक बाँझो जमिनहरूमा सामुहिक/सहकारी खेती गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ।

६. प्रत्येक वर्ष नगर क्षेत्रका कृषकलाई प्रबर्धन हुने गरी कृषि महोत्सव आयोजना गरिनेछ।

७. किसानहरूको लागि बिउ, बिजन, मलखाद एवम् अन्य कृषि सामाग्रीहरूको समय मै उपलब्ध हुने वातावरण मिलाउदै पशु बीमा र बाली विविधीकरण कार्यक्रम समेत सञ्चालन गर्न आवश्यक पहल कदमी चालिने छ।

८. व्यवसायिक कृषि खेतीलाई प्रोत्साहन गर्न हरेक वर्ष उत्कृष्ट तीन कृषकहरूको पहिचान गरी सम्बन्धित पेशालाई प्रबर्द्धन हुने कृषि औजार प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९. कृषि कर्जा सरल बनाई सहुलियत ब्याजदरमा कृषि ऋणको व्यवस्था मिलाउन नगर क्षेत्र भित्र रहेका बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक पहल र समन्वय गरिनेछ। बैदेशिक रोजगारबाट फर्किएका युवायुवतीहरूलाई क्षमता र प्रमाणपत्रका आधारमा रोजगारमूलक कृषि खेतीका लागि आवश्यकता अनुसार अनुदानको व्यवस्था मिलाईने छ।

१०. विषादीरहित कृषि प्रणाली लागू गर्न माटो परीक्षण मार्फत सम्भाव्य स्थान पहिचान गरी नमूना प्राङ्गरिक (अर्गानिक) कृषि खेती गर्न प्रोत्साहन गरिने छ।

११. सम्भाव्यता अध्ययन गरी बिउ बैंक (Seed Bank) स्थापना गर्ने नीति लिइनेछ । साथै प्राकृतिक प्रकोपबाट हुने कृषि उपजको क्षतिको अधारमा राहत प्रदान गरिनेछ।

१२. हरेक आर्थिक वर्षमा चल्ने रेबिज खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३. पशुपन्क्षी पालनलाई व्यवसायिक बनाउन नतिजामा आधारित अनुदानको ब्यवस्था गरिनेछ।

१४. नगर क्षेत्रमा भएका खेतीयोग्य जमिनको उत्पादकत्वलाई बढोत्तरी गर्ने नीति अबलम्बन गरिनेछ । जसका लागि भू उपयोग नीति बनाई कार्यान्वयनमा ल्याईने छ।

१५. व्यवसायिक कृषि तथा पशुपालनलाई प्रोत्साहन गर्न आगामी आ.व. मा पनि उत्कृष्ट कृषक र पशुपालकलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

- **<u>वित्तीय तथा सहकारी सम्बन्धी नीति</u>**
  १. करका दरहरू उपर्युक्त विन्दुमा कायम गरी करको दायरालाई फराकिलो पार्दै आन्तरिक श्रोतलाई बढाउने नीति अबलम्बन गरिनेछ। जसका लागि नगरभित्र करका दायरामा नसमेटिएका क्षेत्रहरूलाई दायरामा ल्याउन र कर प्रणालीलाई चुस्त, दुरुस्त, छरितो, व्यवस्थित, स्वचालित र वैज्ञानिक बनाउने नीति अबलम्बन गरिनेछ।
  २. वित्तीय संस्था तथा बैंकको शाखा बिस्तारलाई प्रोत्साहित गर्न यस नगरपालिकाको क्षेत्रभित्र पौष सम्ममा कुनै बैंक तथा वित्तीय संस्थाले आफ्नो शाखा बिस्तार गरेमा दर्ता गर्दा लाग्ने शुल्कमा १०% छुट दिइनेछ।
  ३. किसान तथा लघु उद्यमीलाई सरल र सहज कृषि कर्जा उपलब्ध गराउन बैंकहरूसँग समन्वय र सहजीकरण गरिनेछ।
  ४. आन्तरिक श्रोतको परिचालनबाट नगरको वित्तीय सबलीकरण र आर्थिक स्थायित्व कायम गरिनुका साथै नगरको वित्तीय पक्षलाई समग्र आर्थिक समृद्धिको मूल आधार बनाइनेछ।
  ५. सहकारी मार्फत छरिएर रहेको पूँजीलाई गरिबी निवारणका क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ भने बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई करको दायरा भित्र ल्याइनेछ।

## (ग) सामाजिक विकास सम्बन्धी नीति

- **<u>शिक्षा सम्बन्धी नीति</u>**
  १. विद्यालय भर्ना दर वृद्धि तथा कक्षा छाड्ने र दोहोर्याउने दर न्यून गर्न शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाइनेछ। साथै नगरभित्र विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चित गरिनेछ।
  २. विद्यालयमा छात्राहरूको उपस्थितिलाई बढाउन यस नगरपालिका भित्रका ६ कक्षा माथिका प्रत्येक विद्यालयमा स्यानिटरी प्याड उपलब्ध गराइनेछ। साथै विद्यालयमा हुनसक्ने सानातिना चोट उपचार गर्न प्रत्येक विद्यालयलाई फस्ट एड बक्स ( **First Aid Box)** उपलब्ध गराइनेछ।
  ३. नगर भित्रको सामुदायिक विद्यालयहरू मध्ये एस. ई. ई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई पुरस्कार प्रदान गरिनेछ।
  ४. संस्थागत विद्यालयको अनुमति, नियमन र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गरिनेछ।
  ५. शैक्षिक कार्यक्रमहरू, शैक्षिक परामर्श केन्द्र ,निजीस्तरमा संचालित ट्युसन तथा कोचिङ कक्षा, भाषा तालिम तथा प्रशिक्षण केन्द्रहरूलाई व्यवस्थित र नियमन गरिनेछ ।
  ६. सामुदायिक तथा संस्थागत विद्यालयहरूबीच अनुभव आदान-प्रदान र अन्तरक्रियाका माध्यमबाट शिक्षण सिकाईको अनुभव आदानप्रदान गर्ने नीति अवलम्बन गरिने छ।

७. असक्त, असहाय र गरीव परिवारका दुर्घटनामा परी अभिभावक गुमाएका, बेपत्ता तथा शहिद परिवारका बालबालिकाहरूलाई विद्यालय पठाउनका लागि पोशाक, खाजा र पाठ्य सामाग्रीको व्यवस्था मिलाउने नीति अवलम्वन गरिनेछ। वालवालिकालाई विद्यालय नपठाउने व्यक्तिहरूलाई वडा कार्यालयको सिफारिसको आधारमा नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (जस्तै सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारिसहरू) बाट बन्चित गर्ने नीति कडाईका साथ कार्यान्वयन गरिनेछ।

८. नगरभित्र रहेको सामुदायिक र संस्थागत विद्यालयहरूको सहभागितामा बार्षिक रुपमा हाजिरी जवाफ, वक्तृत्वकला, गायन प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

९. दलित वालवालिकालाई दिईने भत्ता लिन आउदा निजका अविभावकहरूले विद्यालय जाने उमेर भएका आफ्ना अघिल्ला सन्तानहरू पठनपाठन गरिरहेको सिफारिस विद्यालयबाट ल्याउनु पर्नेछ भने विद्यालय जाने उमेर नभएका तर पूर्व प्राथमिक विद्यालयमा भर्ना हुने योग्यता पुगेका वालवालिकाहरू पायक पर्ने वालविकास केन्द्रमा भर्ना भएको हुनु पर्नेछ।

१०. नगरको शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै शिक्षण सिकाईको प्रभावकारीता साथै साक्षर नगर निर्माणका लागि नगर शिक्षा गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ।

११. बालमैत्री विद्यालय र बालमैत्री शिक्षण सिकाई पद्धतिको विकासको लागि सम्बन्धित विद्यालयहरूलाई सहयोग गर्ने नीति अवलम्बन गरिने छ।

१२. युवासँग मेयर कार्यक्रम अन्तर्गत प्रत्येक वडाहरूको प्रतिनिधित्व हुने गरी नगरस्तरीय मेयर कप फुटबल प्रतियोगिताको आयोजना गरिनेछ।

१३. **"पाख्रीबास नगरपालिकाको इच्छा, प्रविधिमा आधारित गुणस्तरीय शिक्षा"** नारा सहित प्राविधिक, व्यवसायिक र सिपमूलक शिक्षालाई प्राथमिकता दिदै सूचनामा आधारित सिकाइ क्रियाकलापमा जोड दिने नीति अवलम्बन गरिनेछ।

१४. कक्षा ५ र ८ को परीक्षा प्रणालीमा सुधार गर्ने नीति अवलम्बन गरिनेछ। साथै स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा जोड दिइनेछ।

१५. सामुदायिक विद्यालयमा अध्यापन गराउने सबै शिक्षकहरूका सबै सन्तती सामुदायिक विद्यालयमै मात्र अध्ययन गराएको प्रमाणित भएमा त्यस्तो विद्यालयलाई वार्षिक रु पचास हजार प्रदान गरिनेछ भने सामुदायिक विद्यालयमा अध्यापनरत कूल शिक्षकको पचास प्रतिशत भन्दा बढी शिक्षकले आफ्ना सन्ततीलाई निजी विद्यालयमा अध्ययन गराएको पाइएमा त्यस्ता प्रकारका विद्यालयलाई नगरपालिकाबाट कुनै पनि प्रकारको अनुदान प्रदान नगर्ने नीति लागू गरिनेछ।

- **स्वास्थ्य तथा सरसफाई सम्बन्धी नीतिः**

१. नगरपालिका क्षेत्रको फोहोरलाई व्यबस्थित बनाउन सार्वजनिक नीजि साझेदारी (PPP) मा फोहोरमैला व्यवस्थापन गर्ने कार्यको थालनी गरिनेछ। नगरपालिका क्षेत्रमा दैनिक रुपमा उत्सर्जन हुने फोहोरबाट

उर्जा उत्पादन गर्ने कार्यका लागि बैकल्पिक उर्जा प्रबर्धन केन्द्रसँग समन्वय गरी सम्भाव्यता अध्ययन गर्ने र नीजि लगानीकर्ताहरूलाई प्राथमिकता दिई उर्जा उत्पादन गर्ने नीति अबलम्बन गरिनेछ।

२. **"प्रदूषण गर्नेले शुल्क तिर्ने"** (**Polluters Pays Principle)** भन्ने अवधारणा अनुरुप फोहोरमैला सङ्कलन हुने वडाका नागरिकलाई जवाफदेही बनाउन फोहोरमैला सङ्कलन वापत शुल्क लगाइनेछ।

३. **"फोहोरबाट मोहर"** भन्ने सिद्वान्त अनुरुप प्राङ्गारिक मल तथा वायोग्यास उत्पादनमा जोड दिइनेछ।

४. पाख्रीबास बजार क्षेत्रमा घुम्ती शौचालय सञ्चालन गरिनेछ।

५. पाख्रीबास स्वास्थ्य चौकीलाई सेवा विस्तार गरी १५ शैयाको अस्पतालको रुपमा विकास गरिनेछ।

६. नगरबासीहरूको स्वास्थ्य वीमा अनिवार्य र प्रभावकारी रुपमा लागू गर्ने नीति अबलम्बन गरिनेछ। जसका लागि प्रथम चरणमा गरीब घर परिवार पहिचान गरी सरोकारवालासँगको छलफल, अन्तरक्रिया मार्फत आगामी आ.व .बाट नै नमूनाको रुपमा स्वास्थ्य वीमाको कार्य आरम्भ गरिनेछ।

७. आगामी आ.व .भित्र यो नगरलाई पूर्ण खोप सुनिश्चित नगर बनाउने साथै बालमैत्री, वातावरणमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री नगर निर्माण गर्न पहल गरिनेछ।

८. जनस्वास्थ्य प्रबर्द्धन शाखाको सिफारिसमा सम्भाव्य स्वास्थ्य प्रकोपको क्षेत्र र रोग पहिचान गरी न्यूनीकरणका लागि औषधि एवम् जनशक्ति व्यवस्थापन गरिनेछ।

९. गाउँघर क्लिनिक सञ्चालन र व्यवस्थापन गर्ने कार्यमा नगरले सहयोग गर्ने नीति अबलम्बन गरिनेछ।

१०. **कर्णधारसँग वडाध्यक्ष** कार्यक्रम अन्तर्गत गर्भ रहे देखि प्रसुती पूर्व नियमित चार पटक गर्भवती परीक्षण गराउने र तालिम प्राप्त स्वास्थ्य कार्यकर्ताबाट प्रसुती गराउने सुत्केरी महिलाको घरमा प्रथा परम्परा अनुसार सुत्केरी समयमै वडाध्यक्षको नेतृत्वमा स्वास्थ्य संस्थाको कर्मचारी, वडा सचिव सहितको टिमले नबजात शिशु स्याहार सामाग्री ,सुत्केरी महिलालाई पोषणयुक्त खानेकुरा , स्वास्थ्य परिक्षण जाँच गर्नुका साथै नवजात शिशुको जन्मदर्ता समेत उपलब्ध गराइनेछ।

११. जेष्ठ नागरिकलाई वृद्धवृद्धा भत्ता प्रदान गर्दा नि :शुल्क स्वास्थ्य जाँच गराइने छ।

१२. पाख्रीबास नगरपालिकालाई जिरो होम डेलिभरी नगर (Zero Home Delivery City) घोषणा गर्ने नीति लिइनेछ।

१३. **"गरिवसँग नगरपालिका"** कार्यक्रम अन्तर्गत घातक रोग लागेका गरिव परिवारका व्यक्तिलाई सहयोग गरिनेछ।

१४. **"स्वस्थ नगरबासी, स्वस्थ नगर"** कार्यक्रम अन्तर्गत योग शिविर सञ्चालन गरिनेछ।

- **महिला , बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग तथा समाजकल्याण सम्बन्धी नीतिः**

१. बालबचाउ, बालसंरक्षण, बालविकास र बालबालिकाका लागि गरिने निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागीता गराउनका लागि नगरले विशेष पहल गर्नेछ।

२. बालक्लव गठन र सञ्चालनका लागि कार्यविधि बनाई वडा कार्यालय मार्फत बालक्लव गठन र सञ्चालन गरिनेछ।

३. एस.ई.ई परिक्षामा सबै भन्दा बढी अंक प्राप्त गर्ने सामुदायिक विद्यालयबाट १/१ जना छात्र छात्रालाई सम्मान तथा पुरस्कृत गरिनेछ।

४. लैङ्गिक हिंसा न्यूनीकरणका निमित्त कार्यक्रम सञ्चालन गरिनेछ भने सो कार्यका लागि वडा कार्यालयहरूलाई परिचालन गरिनेछ। बाल विवाह, बहुविवाह, अनमेल विवाह जस्ता कुरीतिहरूलाई अन्त्य गर्नका लागि पहल गरिने छ।

५. **"पाख्रीबासका महिला विकासमा पहिला"** भन्ने मूल नारा स्थापित गराउदै महिला सशक्तीकरणलाई जोड दिन आगामी आ.व.मा प्रत्येक वडामा सञ्चालन हुने समितिहरू मध्ये कम्तिमा एक वडा उपभोक्ता समिति महिलाको मात्र हुने व्यवस्था गरिनेछ।

६. महिला शसक्तीकरणका लागि महिला सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

७. महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास र प्रोत्साहनका लागि विशेष व्यवस्था गरिनेछ।

८. विद्यालयमा भर्ना भएका किशोरीहरूको ड्रप आउट दरलाई न्यूनीकरण गर्न वडा मार्फत चेतना तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

९. बैंकहरू मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रयत्न गरिनेछ भने ९० वर्ष उमेर नाघेका जेष्ठ नागरिकहरूलाई घरघरमै जनप्रतिनिधिद्वारा बैंक मार्फत भत्ता पुर्याउने व्यवस्था गरिनेछ।

१०. जेष्ठ नागरिक परिचयपत्र वितरण गरी राज्यले उपलब्ध गराएको सेवा सुविधा प्राप्तिका लागि सहजीकरण गरिनेछ।

११. यस नगरपालिकाको वडा कार्यालयको सिफारिसमा जेष्ठ नागरिकलाई स्याहार सुसार गर्ने एक वडाबाट कम्तिमा एक जना सन्ततीलाई श्रवण कुमार पुरस्कारद्वारा नगरपालिकाले सम्मान गर्नेछ।

१२. हरेक वर्ष अक्टोवर १ तारिख (जेष्ठ नागरिक दिवस) का दिन पाख्रीबास नगरपालिका क्षेत्रमा रहेका सबै भन्दा जेष्ठ महिला र पुरुषलाई नगरमाता र नगरपिताको उपमाद्वारा सम्मान गरिनेछ।

१३. यस नगर भित्र निर्माण हुने जुनसुकै प्रकृतिका सार्वजनिक संरचना अपाङ्गमैत्री बनाईनेछ।

१४. यस नगरभित्र अपाङ्गता भएका नागरिकहरूको लगत तयार गरिनेछ।

१५. पूर्ण अपाङ्गता र असक्त भएका नागरिकहरूलाई निजले पाउने सामाजिक सुरक्षा भत्ता जनप्रतिनिधिद्वारा बैंक मार्फत निजहरूकै घरमा पुर्याईनेछ।

१६. अपाङ्गता सम्बन्धी जुनसुकै सिफारिस नि:शुल्क रुपमा प्रदान गरिनेछ।

१७. नगरपालिकाबाट प्रवाह हुने सेवामा अपाङ्गता तथा जेष्ठ नागरिकहरूलाई पहिलो प्राथमिकता दिईनेछ।

१८. दलित तथा सिमान्तकृत समुदायको शसक्तीकरण र क्षमता विकासमा विशेष जोड दिइनेछ।

१९. यस नगरक्षेत्र भित्र छुवाछुत, जातीय भेदभाव लाई उन्मूलन गर्ने गरी विशेष कार्यक्रमहरू तय गरी लागू गरिनेछ।

२०. परम्परा देखि चलि आएको दलित वर्गको सीपलाई आधुनिकीकरण गरी सञ्चालन गर्न सम्बन्धित वर्ग उत्साहित भै आएमा विशेष सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।

२१. आदिवासी जनजातिको परम्परा देखि चलि आएको ज्ञान, सीप, कला, संस्कृतिको संरक्षण र सम्बर्धन गरिनेछ।

२२. आफ्नो मातृभाषामा शिक्षा दिन चाहने समुदायलाई नगरपालिकाबाट सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।

२३. अल्पसङ्ख्यक समूदायको हक हितको संरक्षण, सम्बर्धन गर्दै सम्बन्धित वर्गको भाषा, कला, साहित्य, धर्मलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

२४. यौनिक तथा लैङ्गिक रुपमा अल्पसङ्ख्यक समुदायको हक हितको संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ।

२५. विपन्न खस आर्य समुदायलाई मूलप्रवाहमा ल्याउनको निमित्त विशेष व्यवस्था गरिनेछ।

२६. **"सभ्यता हाम्रो परिचय, संस्कृति हाम्रो पहिचान समृद्ध समतामूलक वातावरण मैत्री नगर निर्माण हाम्रो अभियान"** भन्ने नारालाई स्थापित गरी सबै भाषा धर्म संस्कृतिको संरक्षण सम्बर्धन र विकास गर्दै लैजाने नीति अबलम्बन गरिनेछ। जसका लागि नगरपालिका क्षेत्र भित्र सबै जातजाति, धर्म संकृति र भाषाभाषीको पहिचान र संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्धन गर्न प्रदेश तथा सङ्घीय सरकारसँग सहकार्य गरिनेछ।

२७. महिलासँग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ जस अन्तर्गत महिलाको सीप तथा क्षमता विकासको लागि कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ।

## घ) कर्मचारी प्रशासन तथा जनशक्ति व्यवस्थापन सम्बन्धी नीतिः

१. **"मुस्कान सहितको सेवा, जनताको पेवा"** भन्ने मूल नारालाई नगरका १० वटै वडा कार्यालयहरूमा थप प्रभावकारी बनाउँदै नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउदै लगिनेछ। जसका लागि नगरपालिकामा कार्यरत जनशक्तिको क्षमता विकास तालिम, अनुभव आदान प्रदानका लागि अवलोकन भ्रमण गराउने व्यवस्था मिलाइनेछ।

२. कर्मचारीलाई समय सापेक्ष प्रविधिमैत्री बनाउनका लागि क्षमता विकास तालिम प्रदान गर्ने नीति अबलम्बन गरिनेछ। प्रचलित कानुन बमोजिम कार्य सम्पादनमा आधारित कर्मचारी बढुवा प्रक्रियालाई कर्मचारी प्रशासनको मूल नीति बनाईनेछ।

३. पदाधिकारी तथा कर्मचारीहरूको आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याईनेछ। जनप्रतिनिधि र नगरपालिकामा कार्यरत कर्मचारीहरूको सामूहिक दुर्घटना वीमा गर्ने व्यवस्था मिलाईनेछ।

४. प्रत्येक आ.व.मा नगरपालिकाले कार्य सम्पादनका आधारमा उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

५. नगरका हरेक गतिविधिहरूलाई सार्वजनिक गरी जनमुखी, पारदर्शी, सेवाग्राहीमैत्री बनाउदै जनताको मन, मुटु र मस्तिष्कमा बस्न सक्ने स्थानीय सरकार बनाउने नीति कार्यान्वयमा ल्याइनेछ। प्रविधिमैत्री नगर निर्माण गर्ने अभियान सञ्चालन गर्नका लागि नमुनाको रुपमा चालू आ.व.मा नगरपालिकामा डिजिटल सूचना पार्टी निर्माण र सञ्चालन गरिनेछ।

६. यस स्थानीय तहमा कार्यरत सहयोगी कार्यकर्ताहरू तथा विद्यालयका कर्मचारीलाई प्रोत्साहन स्वरूप पोशाक भत्ता उपलब्ध गराइनेछ।
७. राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च राखी कार्य सम्पादनको स्तर वृद्धि गर्न र जनसेवा प्रति समर्पित बनाउन सङ्घीय बजेटमा व्यवस्था भए बमोजिम नै यस स्थानीय तहमा कार्यरत राजपत्रांकित तहको कर्मचारीहरूका लागि शुरु तलबमानमा १८ प्रतिशत र राजपत्र अनंकित तहका कर्मचारीहरूका लागि शुरु तलबमानमा २० प्रतिशत तलब वृद्धि गरिनेछ।

**ङ) विपद् व्यवस्थापन सम्बन्धी नीतिः**

१. विपद् पूर्व तयारी योजना निर्माण गरिनेछ। जसका लागि नगरपालिकाका नगर प्रहरीलाई तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ।
२. आगलागी र डढेलो नियन्त्रणका लागि स्थानीय समुदाय र सामुदायिक वन व्यवस्थापन समितिलाई चेतना अभिवृद्धि गराईनेछ।
३. यस नगरक्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवम् नीजि संरचना भूकम्प प्रतिरोधि हुने गरी मात्र बनाईने/बनाउन अनुमति दिईनेछ।

**च) वातावरण सम्बन्धी नीतिः**

१. यस नगरलाई वातावरणमैत्री नगर निर्माणका लागि क्रियाकलापहरू सञ्चालन गरिनेछ।
२. पानीका मुहान, स्रोतलाई सङ्कलन गरिनेछ।
३. जलवायु अनुकुलन खेती प्रणालीको विकासका लागि प्राविधिक सहयोग र सहजीकरण गरिनेछ।
४. निर्माण सामग्री जस्तै गिट्टि, बालुवा, रड आदि सार्वजनिक आवागमन हुने सडकमा नराख्ने प्रबन्ध गर्ने नीति अंगिकार गरिनेछ।
५. कृषि बालीमा कीटनाषक औषधीको प्रयोगलाई नियन्त्रण र व्यवस्थापन गर्दै जैविक कीटनाषक प्रविधिको विकासका लागि विशेष पहल गरिनेछ।
६. निजि वन लगाउनका निमित्त प्रोत्साहन गरिनेछ।
७. प्राङ्गारिक कृषि प्रणालीलाई प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ।

**छ) सुशासन र पारदर्शिता सम्बन्धी नीतिः**

१. नगरका प्रत्येक गतिबिधिहरूलाई वेभसाइट मार्फत सार्बजनिक गरिनेछ।
२. प्रत्येक महिनाको आम्दानी खर्च वेभसाइट मार्फत सार्बजनिक गरिनेछ।
३. प्रत्येक चौमासिकमा आम्दानी खर्चलाई सार्वजनिक गरिनेछ।
४. सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयन गरिनेछ।
५. नगरपालिका तथा वडा कार्यालयमा गुनासो पेटिका र नागरिक बडापत्रको व्यवस्था अनिवार्य गरिनेछ।
६. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाईलाई अनिवार्य गरिनेछ।
७. गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ। प्रत्येक महिनाको ३ गते कर्मचारी बैठकको आयोजना गरिनेछ।

८. कार्यालयमा रहेको ई-हाजिरीलाई थप व्यवस्थित बनाइनेछ।
९. नगरबासीका गुनासाहरू नगरप्रमुखसँगै भन्ने सिद्धान्तलाई अबलम्बन गरिनेछ । जसका लागि हरेक महिनाको १ दिन प्रत्येक वडालाई समय र मिति निर्धारण गरी नगर प्रमुख वडा कार्यालयमा गएर बस्ने र जनताका समस्या र गुनासाहरू सुन्ने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ।
१०. नगरपालिका तथा यस अन्तर्गतका सार्वजनिक निकायमा ई-हाजिरीको व्यवस्था गर्दै यसको प्रभावकारी कार्यन्वयन गर्ने नीति लिइनेछ।

**ज) विविध नीतिः**

१. नगर क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्थाहरूले नगर क्षेत्रमा कार्यक्रम तथा परियोजनाहरू सञ्चालन गर्दा नेपाल सरकारको घोषित नीति बमोजिम नगरपालिकाबाट स्वीकृति प्राप्त गरे पश्चात मात्र कार्यक्रम तथा परियोजना सञ्चालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयमा ल्याइनेछ। उल्लेखित संस्थाहरूले सञ्चालन गर्ने समान प्रकृतिका कार्यक्रम र परियोजनालाई नगरपालिकाको स्वीकृति लिई संयुक्त रुपमा सञ्चालन गराउने नीति अबलम्बन गरिने छ।
२. सञ्चारको सुविधालाई बढावा गर्न सार्वजनिक मोबाइल चार्जरको व्यवस्था गर्ने नीति लिइने छ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरू,**

अब प्रस्तावित आय व्ययको विवरण बारेमा प्रस्तुत गर्दछु।

आ.व. ०७६।७७ का लागि कूल रु ३५ करोड ८६ लाख ९८ हजारको अनुमानित आय र व्ययको विवरण पेश गरेको छु जुन यस प्रकार छ।

**<u>आय तर्फ</u>**

१. नेपाल सरकारवाट वित्तीय समानीकरण अन्तर्गत ९ करोड ५० लाख तथा नेपाल सरकारको सशर्त अनुदान १४ करोड ४१ लाख अनुदान प्राप्त भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।
२. सशर्त अनुदान स्वरुप प्राप्त १४ करोड ४१ लाख र प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित सशर्त अनुदान १ करोड बाट सञ्चालन गरिने कार्यक्रमहरू तथा त्यसको लागि लाग्ने लागत समेत एकिन गरी विविध कार्यक्रमहरू निक्षेपित भै आएको सन्दर्भमा उक्त कार्यक्रमहरू स्वत स्वीकृत रहेको व्यहोरा निवेदन गर्दछु।
३. आन्तरिक श्रोत तर्फ रु ८० लाख आम्दानी हुने अनुमान गरेको छु भने प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु ६९ लाख ७४ हजार प्राप्त हुने अनुमान गरेको छु।
४. सङ्घीय राजश्व बाँडफाँडबाट रु ७ करोड १८ लाख प्राप्त हुने अनुमान गरेको छु भने प्रदेश राजश्व बाँडफाँड अनुदान मार्फत ४३ लाख २४ हजार प्राप्त हुने अनुमान गरेको छु।

**<u>व्यय तर्फ</u>**

१. रु ३५ करोड ८६ लाख ९८ हजार मध्ये चालु खर्च तर्फ रु ५ करोड, सङ्घीय सशर्त अनुदान खर्च तर्फ १४ करोड ४१ लाख, विषयगत कार्यक्रम तर्फ रु ८० लाख र प्रत्येक वडालाई ३० लाखमा नघट्ने गरी पुँजीगत तर्फको बजेट विनियोजन गरेको छु भने सामाजिक सुरक्षा तर्फ रु ४ करोड ५० लाख विनियोजन गरेको छु। उपरोक्त लगायतका खर्चहरूको विस्तृत विवरण अनुसुचीहरूमा पेश गरेको छु।

२. नगरपालिकाका दुई प्रमुख गौरवका क्रमागत योजनाहरू भ्यू टावर र नगरपालिका भवन निर्माणका लागि रु ३ करोड ३० लाख बिनियोजन गरेको छु ।
३. नगरस्तरीय योजना सञ्चालन गर्न रू. १ करोड ६५ लाख बिनियोजन गरेको छु । यस सम्बन्धि खर्चहरूको विस्तृत विवरण अनुसुचीहरूमा पेश गरेको छु ।
४. नगरको **एकीकृत नगर विकास गुरुयोजना** (IUDP) तथा **विस्तृत परियोजना प्रतिबेदन (DPR)** तयार गर्न रू. १ करोड विनियोजन गरेको छु ।
५. सङ्घ तथा प्रदेशबाट नगरपालिकालाई प्राप्त हुने विविध विकास तथा अन्य अनुदानको कार्यन्वयनको लागि आवश्यक पर्ने म्याचिंग फण्डका लागि रू. २ करोड विनियोजन गरेको छु ।
६. यस नगरपालिकाको पाख्रीबास बजार क्षेत्रमा अवस्थित बसपार्कमा सार्वजनिक शौचालयको अभावले गर्दा यात्रुहरूमा पर्न गएको कठिनाईलाई मध्यनजर गर्दै आगामी आ. व. बाट सञ्चालन गर्ने गरि घुम्ती शौचालयको व्यवस्था गर्न रू. १० लाख विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरू,**

योजना तथा कार्यक्रम तर्जुमाका साथै त्यसको सफल कार्यान्वयन गर्नु पर्दछ । योजनाको कार्यान्वियन गर्दा त्यसको गुणस्तर कायम गर्ने तथा समयमा नै सम्पन्न गर्नु चुनौतिको विषय रहेको छ । यस तर्फ आगामी दिनहरूमा नगरसभा सदस्यज्युहरूबाट सहयोगको अपेक्षा गरिएको छ । विकासका कार्यक्रम के कति सम्पन्न भयो भन्दा पनि त्यसबाट नागरिकको जिवनमा हामीले के कति परिवर्तन ल्यायौ त्यो नै महत्वपूर्ण विषय हो । यस तर्फ पनि सबै सदस्यज्यूहरूले मनन गर्नु हुनेछ र भावी दिनमा समृद्ध र सु–संस्कृत नगर बनाउन सबै राजनैतिक दल, नागरिक समाज, निजि क्षेत्र, पेशागत संस्थाका महानुभावहरू, शिक्षक, पत्रकार लगायत सबै नगरबासीमा हार्दिक अपिल गर्दछु ।

अन्तमा, यस नीति तथा कार्यक्रम ,बजेट तथा योजना निर्माणमा महत्वपूर्ण मार्गदर्शन, सल्लाह तथा सुझाव प्रदान गरी सहयोग गर्नु हुने नगरसभा सदस्यज्यूहरू, राजनैतिक दलका पदाधिकारीहरू, कर्मचारी साथीहरू, सञ्चारकर्मी साथीहरू, विभिन्न पेशा, क्षेत्र र समुदायको प्रतिनिधित्व गर्नु हुने महिला तथा सज्जन बृन्दलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै आगामी दिनमा यस नगरपालिकाको नीति तथा कार्यक्रम ,बजेट तथा योजना कार्यन्वयनमा यहाँहरूको सहयोगको अपेक्षा गरेको छु ।

जय पाख्रीबास
धन्यवाद